निम्तो सपनी या विपनीको पायौ खुसुक्क तिमी?
रोकी धरती सुस्तायौ, जब पलभर टुसुक्क तिमी

फगत एक नजरमा सन्सार यो मनको जित्यौ
चम्काईकन ती मोति, जब हांस्यौ मुसुक्क तिमी

गहना नारीको यो हो कि रुप आफैं चम्कने?
खुल्यो पुष्प श्रृंगारको, जब फुल्यौ ठुसुक्क तिमी

बादल गर्न के सक्ला साहस चन्द्रमा लुकाउने?
उमा, आफैंबाट लुकी भागेकी थियौ लुसुक्क तिमी